'नेपाली माटो, हाम्रो बाटो'

# प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा)

## संक्षिप्त राजनीतिक प्रतिबद्धता–२०८२

## (मस्यौदा)

## आत्मोलोचना र स्वघोषणाः

## विगतका कमिकमजोरीप्रति आत्मालोचित हुँदै आगामी दिनमा कमजोरी नगर्ने स्व–घोषणा गर्दछौं ।

# १. पृष्ठभूमि

विश्वमा दशौं हजार वर्ष राज गरेको अविज्ञान/अन्धविश्वासमा आधारित मुल्यमाथि मुलतः १५ औं शताब्दीदेखि बैज्ञानिक हस्तक्षेप सूरु भयो । बढ्दो बैज्ञानिक हस्तक्षेपको पृष्ठभूमिमा विश्वमा विकास भएका प्रगतिशील बिचारले नै मानब सभ्यतालाई प्रजातन्त्र–लोकतन्त्र, मानबअधिकार र सामाजिक न्यायतर्फ डोर्याएको हो । प्रगतिशील बिचार, बैज्ञानिक खोज–अनुसन्धान, संघर्षका अनेक श्रिङ्खलाका क्रममा र निरन्तर नविन् प्रयोगको परिणाम, मानव सभ्यता आज 'टेक्नो युग' मा मात्र आइपुगेको होइन ब्रमाण्डलाई नै आफ्नो वर्चस्वमा कैद गर्ने स्तरमा विकास भएको हो । एआई, नानो टेक्नोलोजी, क्वान्टम भौतिकीमा आधारित बैज्ञानिक विकास, बायोटेक्नोलोजी आदिले वर्तमान सभ्यताको अगुवायी गरिरहेको छ । मान्छे हिजोको त्यो आदिम अवस्थादेखि आज एआईको अवस्थासम्म आइपुग्न समाजका तिनै मानिसको योगदान छ, जस्ले तत्कालिन समाजका याथास्थितीका खिलाफमा प्रश्न उठाए । असहमति प्रकट गरे । संघर्ष, आन्दोलन र बलिदान गर्दै समाजललाई अगाडि बढाए । इतिहासको तथ्य हेर्ने हो भने एउटा होइन, दुईवटा होइन, त्यस्ता असहमती, बिद्रोह र आन्दोलन निरन्तर हुँदै आयो । फलतः दशौं हजार बर्षमा विकास हुन नसकेको मानब सभ्यता करिब ६ सय बर्षमा नै नयाँ उच्चाइमा विकास हुन सक्यो । समाज विकासको यस नियमलाई न्युटनको गतिको तेस्रो नियम – 'हरेक क्रिया बराबर प्रतिक्रिया हुन्छ' का आधारमा हेर्दा र बुझ्दा थप स्पष्ट हुन्छ । त्यसकारण, प्रश्न, विमती र बिद्रोह बिज्ञानको आधारभूत नियम हो ।

## १.१ नेपाली राजनीतिको संक्षिप्त समीक्षा

नेपालमा २००४ सालमा नेपाली कांग्रेस र २००६ सालमा कम्युनिष्ट पार्टी स्थापना भयो । २०४६ सालमा बहुदल आएसँगै राजनीति दलहरु बन्ने कुरा तिब्र भयो । नेपाली कांग्रेस र कम्युनिष्ट पार्टीले जहानीया राणा शासन र पञ्चायती व्यवस्था फालेर मुलुकमा प्रजातन्त्र र बहुदल ल्याउन योगदान गरे । पछिल्लो समय राजतन्त्र फालेर नागरिक सर्वोच्चतासहितको व्यवस्था समावेशी संघिय लोकतान्त्रिक गणतन्त्र ल्याउन मुलतः २०५२ सालमा स्थापित पार्टी, नेकपा (माओवादी) र जनयुद्धको योगदान रह्यो । लोकतान्त्रिक गणतन्त्रपछि स्थापित मधेशवादी दल र आदिवासी जनजाती आन्दोलनले देशमा संघीयता ल्याउन महत्वपूर्ण योगदान गरे । आजका कांग्रेस, एमाले र माओवादी आ–आफ्नो समयका नागरिक आवाजको प्रतिनिधित्व गर्ने परिवर्तनकारी पार्टी नै हुन । परन्तु, इतिहासमा योगदान गरेका दलहरुले राज्य शत्तामा पुगेपछि आफ्नो क्रान्तिकारी छबी बचाँउन नसक्दा असफल सिद्ध हुन पुगे । फलतः देश चरम भ्रष्टाचार, विकृति, यथास्थितीमा फस्नुका साथै गति र परिणामबिहीन हुन पुग्यो ।

नेपाली कांग्रेस ४५ वर्ष, नेकपा (एमाले) ३६ वर्ष र नेकपा (माओवादी केन्द्र) करिब १७ वर्ष सरकार चलाउने वा शत्ताको परिपरी नै रहे । परन्तु, देश विकासको प्रमुख शत्रुका रुपमा रहेको हजारौं वर्षदेखिको सामाजिक उत्पीडन मुलतः जातिय, क्षेत्रीय, लैङ्गिक र वर्गीय विभेदको सम्बोधन गर्न दलहरु असफल भए । नेपालको विकासका लागि अनिवर्य बन्न पुगेको नीतिगत र प्रणालीगत पुनर्संरचना गर्नुको साटो मौजुदा विकृत संरचनाको

उपयोग गर्दै मुलुकलाई थप बर्बादीतर्फ धकेले । भ्रष्टाचार, नातावाद–कृपावाद, दण्डहिनता र सबै क्षेत्रमा राजनीतिकरण गरेर राज्यका संस्था र प्रणालीलाई थप निकम्मा बनाए । नागरिक प्रतिनिधिले संविधान सभामार्फत संविधान लेख्ने अवसरलाई दलीय स्वार्थ र राजनीतिक दाउपेचको बिषय बनाउँदा क्रान्ति र आन्दोलनको म्यान्डेट जस्ताको तस्तै सम्बोधन हुन सकेन । नियन्त्रित लोकतन्त्र र जनवादको प्रयोगले दलहरुलाई अपाङ्ग वनायो ।

सांस्कृतिक भ्रष्टीकरण, गुजारा केन्द्रित राजनीति र कर्मचारीतन्त्रमाथि प्रगतिशील हस्तक्षेप गर्दै भिजन र दृढतासहित अग्रसर हुन दलहरु असमर्थ भए । मुलुकमा रोजगारी, व्यवसायिक शिक्षा, विज्ञान प्रविधि र उद्योग कलकारखानाको विकास एवम् जनजिवीकाका सवाल सम्बोधन गर्न 'खरावीको इकोसिस्टम' (पारिस्थितीक प्रणाली) भत्काएर 'विकासको इकोसिस्टम' निर्माण गर्नुपर्नेमा त्यसतर्फ अग्रसर हुन सकेनन् । ठूला भनिएका दलका नेता–कार्यकर्तालाई दुनीयाँ कहाँ पुग्यो र समयको गति के हो, पत्तै भएन । त्यसकारण, पुर्नजागरण आन्दोलनमार्फत अग्रगामी बिचारका आधारमा संविधान संशोधन गरी देशलाई आर्थिक विकास र समृद्धिको युगमा प्रवेश गराउनु आजको मुख्य राजनीतिक कार्यभार बन्न पुगेको छ ।

## १.२ 'जेनजी बिद्रोह' को समीक्षा

ठूला भनिएका दलहरु र ति दलहरुसँग सम्वन्धित नेताहरुले इतिहासले विरलै दिने नयाँ नेपाल वनाउने अवसरहरु पाएर पनि नितान्त व्यक्तिगत स्वार्थपुर्तिका लागि ति अवसरलाई नराम्रोसँग गुमाए । जनीतिक दल र तिनका नेता कार्यकर्ताको सांस्कृतिक भ्रष्टीकरण, यथास्थितीवादी कर्मचारीतन्त्र, चरम भ्रष्टाचार, परिवारवाद, शत्ताको कुर्सिमा बारम्बार म्युजिकल चेयर खेल आदि कारणले देश अर्थ–राजनीतिक संकटको भूमरीमा मात्र फसेन युवालगायत जनस्तरमा व्यापक निराशा पैदा भयो । यसै पृष्ठभूमिमा जेनजी विद्रोह प्रकट हुन पुग्यो । नेपालको इतिहासमा ८ र ९ सेप्टेम्बर २०२५, जेनजी विद्रोहका कारण ऐतिहासिक हुन पुग्यो । नेपाली इतिहासमा केवल युवाले गरेको आन्दोलनको बलमा करिब ४० घण्टामा शत्तापलट भयो । जेनजी विद्रोहका मुलतः तीनवटा माग थिए । पहिलो, भ्रष्टाचारको अन्त्य र सुशासन; दोस्रो, बन्द गरिएका सामाजिक सञ्जालहरु खुल्ला गर्ने; र तेस्रो पार्टीहरुको रुपान्तरण र पुस्तान्तरण आदि । तर, शान्तिपूर्ण आन्दोलनलाई राज्यले दमन गर्दा त्यो बिद्रोहमा परिणत हुन पुग्यो । आन्दोलनमा ४५ जना युवा–विद्यार्थीको साहदत भयो भने अन्य दर्जनौं युवाको मृत्यु भयो । आन्दोलनका क्रममा सयौं युवाहरु घाइते भए । फलतः आन्दोलनको बलमा सरकार ढलेसँगै अन्तरिम सरकार बन्यो ।

अतः पछिल्लो राजनीतिक घटनाक्रमको पृष्ठभूमिमा जेन-जी विद्रोहलाई संगठित गर्न, युवा नेतृत्व विकास गर्न, आन्दोलनमार्फत अभिव्यक्त युवाको आवाजलाई थप शसक्त बनाउन, देशलाई भ्रष्टाचार मुक्त गरी सुशासनको प्रत्याभूति दिन, राजनीतिक, सामाजिक, आर्थिक र राज्यका निकायको पुनर्संरचना गर्न, विज्ञान–प्रविधिको विकास र रोजगारी सृजनामा अग्रसर हुन, जवाफदेही राज्य प्रणाली स्थापीत गरी निश्चित समयमा देशलाई समृद्ध बनाउन, प्रजातन्त्र, लोकतन्त्र र गणतान्त्र प्राप्तिका खातिर भएका विगतका ऐतिहासिक जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन, थारु आन्दोलन, जनजाती आन्दोलन, दलित आन्दोलन र जेनजी वसद्रोहमा भएको युवा–विद्यार्थिको बलिदानी खेर जान नदिन नयाँ राजनीतिक पहल अपरिहार्य बन्न गएको छ । यो ऐतिहासिक जिम्मेवारी पूरा गर्न जेन-जी, युवा–विद्यार्थि बौद्धिक वर्ग, प्रगतिशिल, लोकतामन्त्रिक, वामपन्थि शक्ति समूह र व्यक्तित्वको संयोजनबाट द्रुत गतिमा समृद्धि हासिल गर्न, वलियो राष्ट्र, सभ्य नागरिक र सुदृढ राज्यप्रणाली भएङ्को समृद्ध नेपालको निर्माणको लागि यो ***प्रगातिशील लोकतान्त्रिक पार्टी*** गठन गरिएको हो । हाम्रो पार्टी केही दर्जन राजनितिक दलहरुमाथि एक नयाँ दल थप्ने र केही नेताहरु उत्पादन गर्न नभई हालको विकृत राजनितिलाई

सुधार्दै आर्थिक, राजनितिक एवं सास्कृतिक रुपले सुद्दड र समतामूलक राष्ट्र निर्माणका साधनका रुपमा स्थापना भएको हो ।

यस ऐतिहासिक घडीमा नेपाली समाज र राज्यको समग्र लोकतान्त्रीकरण र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि विभिन्न चरणमा भएका जनआन्दोलन, १० वर्षको सशस्त्र जनयुद्ध, मधेसी–आदिवासी जनजाति–खस–थारू–महिला–दलितलगायतका उत्पीडित समुदायको आन्दोलन देखि पछिल्लो जेन-जी विद्रोहसम्मका सम्पूर्ण महान् शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । घाइते, वेपत्ता योद्धाहरुप्रति उच्च सम्मान व्यक्त गर्दै उहाँहरुको सपनालाई पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

## २. प्रगतिशील लोकतान्त्रिक पार्टी किन ?

## २. १. राजनीतिक पुनर्संरचना गर्ने

मानव सभ्यताको केन्द्रमा राजनीति हुने भएकाले राजनीतिले नै समग्र पक्षको अगुवायी गर्दछ । राजनीति यसको नेतृत्व सहि नभए पछि समग्र सामाजिक एवं सास्कृतिक प्रणाली, आर्थिक व्यवस्था र सुदृढ राष्ट्र निर्माणको गति रोकिन पुग्छ । त्यसकारण, प्रगतिशील लोकतान्त्रिक पार्टीको प्रमुख कार्यभार वर्तमान गतिहीन राजनीतिको पुनर्संरचना गर्नु हो । यसका लागि प्रगतिशील लोकतान्त्रिक पार्टीले निकट भविष्यमा देशका सबै क्षेत्र, बौद्धिक वर्ग, विज्ञ, सबै जातजाति, धर्म, लिङ्ग, भुगोल आदिको सहभागितामा 'राजनीतिक पुनर्संरचना सम्मेलन २०८२' आयोजना गर्ने छ । संविधान संशोधन, शासकीय स्वरुप, निर्वाचन प्रणाली, लोकतन्त्रको समृद्धीकरण, राइट टु रिजेक्ट, प्रत्याव्हानको अधिकार (राइट टु रिकल), 'प्राइमरी इलेक्सन' आदि कार्यसूचिमा समेत छलफल गरी निश्कर्षमा पुगिने छ । सो सम्मेलनबाट हालसम्मका प्रत्येक एक/डेढ दशकभित्रमा भएङ्गा राजनितिक आन्दोलन र ति राजनितिक आन्दोलनहरुबाट प्राप्त उपलब्धिहरु किन कामयावि हुन सकेनन् भन्ने कारणहरु पहिचान गरि समाधान खोजिने छ । साथै उक्त सम्मेलनबाट देशको समग्र विकास र समुन्नतिका लागि स्पस्ट मार्गचित्र प्रस्तुत गरिने छ ।

## २.२ आर्थिक पुनर्संरचना गर्ने

क. प्रगतिशील लोकतान्त्रिक पार्टीको आर्थिक नीति मुलतः समाजवादी मूल्यमा आधारित हुनेछ । नेपाली समाज बनोटको विविधतालाई मध्येनजर गर्दै पार्टीको आर्थिक नीति निरपेक्ष नभएर सापेक्षतामा आधारित हुनेछ । उत्पादन एवं रजगारमुखि अर्थतन्त्रको निर्माणमार्फत स्थानिय अर्थतन्त्रमा सामुहिक उत्पादन स्वरोगार मार्फत गरिवि उन्मूलन, आत्मनिर्भर अर्थतन्त्र, अर्थिक पारदर्शिता, प्रगतिशील कर, न्योचित वितरण, डिजिटल इकोनोमी, अनुसन्धान र नवप्रवर्तन, अनुत्पादक क्षेत्रमा लगानी शुन्यता, निजी क्षेत्रलाई प्रबर्धन र निजी क्षेत्रसँगको साझेदारीलाई प्रोत्सहान गरिनेछ । वैदेशिक लगानी आकर्षित गर्ने कुरालाई केन्द्रमा राखी आर्थिक क्षेत्रको पुनर्संरचना गरिने छ ।

ख. पार्टीले समृद्ध मुलुक निर्माणका लागि देशको कार्यकारी प्रमुख मातहत रहनेगरी एक शक्तिशाली 'राष्ट्रिय विकास प्राधिकरण' गठन गरी तिब्र विकासमा अग्रसर हुनेछौं । ५ वर्षे, १० वर्षे र २५ वर्षे लक्ष्य र योजना

तय गरी विकास प्राधिकरणले काम गर्नेछ । यसरी काम गर्दा पहिलो चरणमा आम गरिवबीको अन्त्य गर्दै मुलुकलाई विकासशील मुलुकमा स्तरोन्नती गरिनेछ । दोश्रो चरणमा दीगो विकासका लक्ष्यहरू हासिल गर्दै नेपाली जनताको जीवनस्तरलाई विश्वका मध्यम आय भएको मुलुकको दर्जामा पुर्याउने र बेरोजगारीको अन्त्य गर्ने कार्य सम्पन्न हुनेछ । तेश्रो चरणमा मुलुकलाई विकासको सबै क्षेत्रमा उन्नत तथा उच्चस्तरमा पुर्याई विश्वका उच्च आय र जीवनस्तर भएको अवस्थामा पुर्याइनेछ ।

ग. आगामि पाँच वर्षसम्म कुल गार्हास्थ उत्पादनमा स्थिर पुँजीको अंश ३५ प्रतिशत, त्यसपछिका १० वर्षसम्म औसतमा ४० प्रतिशत र अर्को १० वर्षमा ४५ प्रतिशत पुर्याएर दुई अंकको वृद्धिदर हासिल गरिनेछ । साथै विश्वको दोस्रो र तेश्रो अर्थतन्त्र बनेका र बन्न गैरहेका चीन र भारतको अर्थतन्त्रको मूल्य श्रृंखलासँग जोडिन ध्यान दिइनेछ । अर्थतन्त्रको समग्र रुपान्तरणका लागि कृषि, उद्योग, वित्त तथा व्यापार, पर्यटन, भौतिक पूर्वाधार तथा वस्ती–प्रणाली, उर्जा, सिँचाइ र खानेपानी, शिक्षा, स्वास्थ्य, सूचना तथा प्रविधि, पर्यावरण संरक्षण र हरित विकास जस्ता क्षेत्रहरु समेटिएको संरचनात्मक परिवर्तन सहितको विकास नीति अवलम्बन गरिनेछ ।

घ. समृद्ध नेपाल निर्माणका लागि तीन तहको विकास मोडेल अघि सारिने छ । आर्थिक पुनर्संरचना मार्फत मुलुकको आर्थिक समृद्धिको आधारको रुपमा रहेको गाउँको आर्थिक स्तरोन्नतीको पहिलो चरणमा गाउँको वासलातलाई सन्तुलनमा राखिने छ । यसलाई विकास र समृदी 'मोडेल' को पहिलो तहको 'लेयर' भनिने छ । यो मोडेल अन्तरगत हाम्रा सबै पालीका वा गाउँ आत्मनिर्भर बन्ने छन् । गाउँको वासलात सन्तुलनमा राख्नुको अर्थ प्रत्येक गाउँपालिका तथा नगरपालिकाभित्रको वस्तु तथा सेवाको कुल उत्पादन मूल्य र उक्त पालिकामा अन्यत्रबाट हुने आयातसहित कुल उपभोग मूल्यभन्दा कम नहुने व्यवस्थाको सिर्जना गर्नु हो । यसका लागि प्रकारले हरेक पालिकाले आफ्नो क्षेत्रभित्रको प्राकृतिक स्रोत साधन, नागरिकको परम्परागत एवं पेशागत दक्षता र शिक्षा तथा बजारबाट प्राप्त गर्न सक्ने सम्भावित आर्थिक अवसरलाई मध्यनजर गरी साना तथा मझौला व्यवसायमा जनताको सहभागिता सुनिश्चित गर्न आवश्यक कार्य गरिने छ ।

विकास र समृद्धिको दोस्रो लेयरको मोडल अन्तर्गत आइटी तथा संचार सम्बन्धी पाँचौ र छैठौं पुस्ताको पूर्वाधार निर्माण गर्नु हो जसले युवाहरुलाई आइटी सम्बन्धी रोजगारी मात्र दिँदैन देशको निर्यात आयमा समेत ठूलो योगदान पुर्याउँछ । गुणस्तरीय उर्जा विकास पनि यो विकासको कडी हो।

विकास र समृद्धिको तेस्रो लेयरको मोडल औद्योगिकरण हो । विश्वले हाल अंगालेको बजार अर्थनीति एवं दुई शक्तिमान छिमेकी देशहरुको विकासको रफ्तार र उत्पादन क्षमता तथा विश्व अर्थतन्त्रको एकीकृतताका कारणले नेपालले औद्योगिकीकरण गर्दा विशिष्ठ नीति अपनाउनुपर्ने अवस्था छ । यस लेयरमा प्रतिस्पर्धात्मक र तुलनात्मक लाभका आधारमा सबै उत्पादन एवं आर्थिक उपक्षेत्र र विषेश गरि आइटी जलविद्युत पर्यटन र वित्तीय क्षेत्रमा ध्यान केन्द्रित गरिने छ ।

## २. ३. सामाजिक–सांस्कृतिक पुनर्संरचना गर्न

नेपाल विभिन्न जातजाति, धर्म, संस्कार, भेषभुषा र भाषाको वसोवास रहेको समाज भए तापनि एक ज्ञान, भाषा र संस्कृति हाबी छ । जातव्यवस्थामा आधारित नेपाली समाज देश विकासको प्रमुख शत्रु हो । त्यसकारण, मानसिक पुनर्संरचनामार्फत सामाजिक न्याय स्थापित गरी समुनत समाज निर्माणको अगुवायी गर्नु प्रगतिशील लोकतान्त्रिक पार्टीको प्रमुख कार्यभार हो । सामाजिक न्यायबिना देशलाई द्रुतगतिमा विकास गर्न नसकिने कुरा स्वयमं हाम्रै इतिहासबाट समेत पुष्टि भइसकेको बिषय हो । त्यसकारण, नेपाललाई समृद्ध देश बनाउन पहिला समृद्ध समाज

निर्माण गर्नुपर्दछ । समृद्ध समाज निर्माणको पहिलो सर्त हो –सामाजिक न्याय । अतः सामाजिक विभेदलाई जघंन्य अपराध मानी ' यंपिड सोसियल जस्टीसको अवधारणा अनुसार समयमै न्याय र दण्डको व्यवस्था गरिनेछ ।

## २.४ नीति र प्रणालीगत पुनर्संरचना गर्न

बिना योजनाको शहरीकरणले काठमाडौंलाई अव्यवस्थित बनाएजस्तै जाथाभावी नीति–नियम बनाउदा नीतिगत दोहोरोपना, एउटा नीति अर्कोसँग बाँझिने, काम नहुँने, भ्रष्टाचारलाई प्रबद्र्धन गर्ने र अन्ततः त्यसको मारमा देश र नागरिक पर्दै आएको तथ्य आत्मसाथ गर्दै नीति र प्रणालीगत पुनर्संरचना गरिनेछ । बढिमा दुई तह (दुई व्यक्ति वा निकाय) बाट निर्णय हुने प्रणाली विकास गरिनेछ । राज्यको जिम्मेवारीमा रहेका व्यक्तिलाई राष्ट्रिय लक्ष्य हासिल गर्न ठोस जिम्मेवारी दिई परिचालन गरिने छ ।

# ३. कसरी गर्ने ?

## ३.१. पुनर्जागरण आन्दोलनको अगुवायी

बैज्ञानिकतामा आधारित मानव सभ्यता निर्माण देश विकासको पहिलो र अनिवार्य सर्त भएकाले नविन सभ्यता निर्माण गर्न प्रगतिशील लोकतान्त्रिक पार्टीले सांस्कृतिक रुपान्तरणलाई केन्द्रमा राखी आम नागरिक मुलतः युवाको नेतृत्वमा आम जनताको पहलकदमी र सहभागितामा सामाजिक सास्कृतिक रुपान्तरण अभियानको माध्यमबाट  पुनर्जागरण आन्दोलन सञ्चालन गर्ने छ । यस आन्दोलनमा कम्तिमा एक लाख युवाको सहभागिता रहने छ । पुनर्जागरण आन्दोलनको मुख्य उद्देश्य नेपाली समाजमा स्थापित अविज्ञान, जातीय–लैगिंक विभेद र गलत परम्परा खारेज गरी न्यायपूर्व र वैज्ञानिक समाज निर्माण गर्नु हुनेछ । यस आन्दोलनमार्फत हरेक नागरिकलाई समाज र देशको एक समान हिसेदार हुँ भन्ने स्तरमा उसको स्वाभिमान उठाईने छ । यो आन्दोलनका लागि पार्टीले एक छुट्टै संयन्त्र निर्माण गर्ने छ ।

## ३.२. भ्रष्टाचार बिरुद्ध राष्ट्रिय महाअभियान सञ्चालन

सुशासनको सुनिश्चितता बिना कुनै पनि देशमा न्याय र विकास हासिल भएको छैन । त्यसकारण, हामी पार्टीभित्र सुशासनको उच्चतम अभ्यास गर्दै देशमा सुशासन कायम गर्न अग्रसर हुनेछौं । देशमा सुशासन हासिल गर्न मुलतः युवाको अगुवाईमा 'भ्रट्राचार विरुद्ध युवाशक्ति (एन्टिकरप्शन युथ फोर्स)' गठन गरिने छ । फोर्सले भ्रष्टाचारी, कालोबजारी, बलात्कारी, मानव बेचबिखान, गुण्डार्दी लगायतको क्रिमिनल प्रोफाइल तयार गर्ने, सामाजिक सञ्जालमा एक्पोज अभियान सञ्चालन गर्ने, सामाजिक बहिष्कार अभियान चलाउनेलगायत सुशासनका क्षेत्रमा प्रवद्र्धनात्मक, निरोधात्मकदेखि आवश्यकताअनुसार जुझारु कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## ३.३. प्रविधिको विकास र प्रयोग

पार्टी, राज्य सञ्चालन र उत्पादनका लागि साधनकारुपमा प्रविधिको विकास र प्रयोगलाई अनिवार्य गरिनेछ । पार्टीका गतिविधिदेखि सेवा प्रवाहसम्म प्रविधिको प्रयोग गरी आधुनिक पार्टी र देश निर्माण गरिनेछ । गुनासो सुनुवाई, प्रगति प्रतिवेदन, आर्थिक कृयाकलाप, खासखास बिषयमा मत सर्वेक्षण र निर्णय, रायसुझाब आदि सबै

कार्य डिजिटल प्लेटफर्मबाट पारदर्शी ढंगले सञ्चालन गरिने छ । पार्टी र सरकारले लिने निर्णय र गर्ने काममा आम नागरिकको सहभागिता सुनिश्चित गर्न प्रविधिमार्फत 'सामुदायिक सर्वोच्चता' को अभ्यास गरिनेछ ।

## ४. प्रगातिशील लोकतान्त्रिक पार्टीको बैचारिकी

भौतिक जगतले मानिसको चेतनालाई प्रभावित गर्ने र मान्छेको चेतनाले भौतिक जगतलाई बुझ्ने र बदल्ने भएकाले दर्शन, विचार, सिद्धान्तलाई निरन्तर पुनर्परिभाषित, पुनर्सश्लेषण, समृद्धीकरण गर्दै जानुपर्छ । एक्काइसौं शताब्दीका समस्या वा अन्तरविरोधलाई अठारौं वा उन्नाइसौं बिसौं शताब्दीका विचार–विधिले हल गर्न खोज्नु एवम् त्यसले समाधान नदिए पछि अझै मध्ययुगीन वा प्राचीन अप्रमाणित विचारतिर फर्कन र फर्काउन खोज्नु वर्तमान विश्व राजनीतिको सबभन्दा ठूलो कमजोरी हो । अतः आजको युग एकसाथ 'उत्तर पुँजीवाद' र 'उत्तर राज्यसमाजवाद' को युग हो । राजनीतिक प्रणाली र अर्थतन्त्रको ढाँचा दुवै हिसावले अब हामीले नयाँ मोडेलको खोजी र विकास गर्नुपर्दछ । यसको चरित्र समावेशी र सहभागितामूलक लोकतन्त्रमा आधारित मौलिकतासहितको नेपाली समाजवाद हुने स्पष्ट छ । पार्टीले परिवर्तन वाहेक सकै परिवर्तन छन भन्ने वुद्ध दर्शनलाई आत्मसात् गर्दै मार्क्सको समयको पहिलो औद्योगिक क्रान्तिकालको भौतिक विज्ञान र मानवशास्त्रमा आधारित द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादभन्दा अघि बढेको अहिलेको चौथो र पाँचौ औद्योगिक क्रान्ति कालसम्मको सापेक्षता र क्वान्टम सिद्धान्त, जेनेटिक्स र कृत्रिम बौद्धिकता लगायतका ज्ञानविज्ञानले परिष्कृत मार्क्सवादी द्वन्द्वात्मक एतिहासिक भौतिकवादमा आधारित 'विकसित वैज्ञानमा आधारित समाज विकासको नविनतम् सिद्धान्त अनुरुपको नेपाली समाजवाद' पार्टीको मार्ग निर्देशक सिद्धान्त/ दार्शनिक आधार हुने छ ।

## ५. संगठनात्मक सिद्धान्त र प्रणाली

असफल राजनितिक दलहरुले गरेको खराब प्रयोगबाट शिक्षा लिदै संगठनात्मक सिद्धान्तका रुपमा प्रत्यक्ष लोकतन्त्रको अभ्यास गरिनेछ । प्रगातिशील लोकतान्त्रिक पार्टीका सबै कमिटी स्वयत्त हुनेछन् । आफ्नो नेता वा प्रतिनिधि छान्ने, उमेरदवार छानौट गर्ने आदि सबै जिम्मेवारी सम्बन्धित कमिटीलाई नै हुने छ । विविधतामा आधारित नेपाली समाजको वनोटलाई ध्यानमा राख्दै जनसंख्या र भूगोलका आधारमा प्रतिनिधित्व र सहभागिता (जातजाति, धर्म, क्षेत्र, लिङ्ग र उमेरसमूह) सुनिश्चित गरिनेछ । विधि प्रदानता, सामुहिक निर्णय, सामुहिक र समानुपातिक नेतृत्व प्रणाली र व्यक्तिगत जवाफदेहिता अनिवार्य हुनेछ । प्रत्यक्ष निर्वाचन, आन्तरिक लोकतन्त्र, एक व्यक्ति एक कार्यकारी पद र एक व्यक्ति दुई कार्यकाल, फिर्ता बोलाउने (राइट टू रिकल) व्यवस्था, स्वैच्छिक अनुशासन र वैज्ञानिक संस्कार, पर्यावरणमैत्री पार्टी संगठन, कार्यगत एकता र संयुक्त मोर्चा इत्यादि अवधारणा कार्यान्वयन गरिनेछ । प्रगतिशील लोकतान्त्रिक पार्टीको संगठन स्वमसेवक र अभियन्ता स्वयमसेवी हुनेछन् ।

## ६. अभियन्तको आचार–व्यवहार

पार्टी आफैमा अमुर्त कुरा हो । बिचार, नेता–कार्यकर्ता र समर्थकको उपस्थितीले यसलाई मुर्त बनाउँने छ । अतः पार्टी भनेको बिचार, नेता–कार्यकर्ता र समर्थकको सामुहिक अभिव्यक्ति हो । पार्टी कस्तो बन्ने शसक्त वा गतिहीन उसले अंगालेको बिचार, त्यसका नेता–कार्यकर्ता र समर्थक कस्ता छन् भन्नेमा भर पर्दछ । त्यसकारण, आफूलाई निरन्तर अध्यावधिक राख्न, निरन्तर सापेक्षित बनाउन र विश्वदृष्टिकोणसँग जोड्न पार्टीका सबै सदस्य

अध्ययनशील हुनुपर्दछ । तामझाम र रवाफिलो जीनशैलीको खिलाफमा उभिनुर्पछ । प्रविधिको प्रयोगमा अबल र नागरिकका साथि बन्नुपर्दछ । हाम्रो पार्टीका हरेक सदस्य इतिहासप्रति जानकार, वर्तमान प्रति जिम्मेवार र भाबी पुस्ताप्रति उत्तरदायि बनुुपर्दछ । सकारात्मकता, सृजनशीलता, सकृयता, सहअस्तित्व, सहकार्य र न्यायको प्रबद्र्धक आदि हाम्रो पार्टीका सदस्यको जिम्मेवारी हुने छ ।

## ७. प्रतिबद्धता

लक्ष्य, भिजन र नीतिमा स्पष्टता, लक्ष्य प्राप्तीमा दृढता एवम् बोली र व्यबाहारमा एकरुपता हाम्रो पहिचान हुनेछ । यसका अलावाा हामी निम्न कुरामा सामुहिकरुपले प्रतिबद्ध छौं । प्रगतिशील लोकतान्त्रिक पार्टीका संकल्प एवम् प्रतिबद्धता यस प्रकार रहेका छन् ।

१ हामी नागरिकसँग कहिले नकारात्मक व्यवाहार गर्ने छैनौं, सकारात्मक सोचबाट अभिप्रेरित हुनेछौं । हामी परिणाममूखि र उदाहरणीय शासन सञ्चालन गर्नेछौं । हामी नेता–कार्यकर्ताले कुनै पनि खाले विभेद र अमानवीय कार्य गर्ने गराउने छैनौं । हामी भ्रष्टाचार, महिला हिंसा र जातीय तथा लैगिंक विभेदजस्ता अमानवीय कार्यमा संलग्न हुने छैनौं । हामी अग्रगामी सोच र चिन्तनबाट अभिप्रेरित हुने छौं । हामी राजनीति अर्को चुनावका लागि होइन, अर्को पुस्ताका लागि हो भन्ने कुरामा दृढ छौं । हामी जागिरे मानसिकताबाट मुक्त भई देशका लागि पहलकर्ताको भूमिकाममा रही काम गर्नेछौं । न्यायको पक्षधर, इमान्दारिता, नैतिकता, देशभक्ति, परिवर्तनको बहाक र अग्रगामी सोच हाम्रो साझा प्रतिबद्धता हो । पार्टीका आम स्वयमसेवीरहरु श्रममशिलता, सकृयता, सिर्जनशिलता, अध्ययनशिलता, जवाफदेहिता, पारदर्शिता र नैतिक मूल्यका आधारमा राष्ट्रसेवाको मार्गमा अधि बढने छौं ।

२ लामो समयदेखि अल्पविकास, गरिबी र वेरोजगारीको दुष्चक्रमा फसेको देशलाई केही वर्षभित्र अल्पविकसित देशहरुको समुहबाट वाहिर निकाल्ने, १० वर्षभित्र मध्यम आयस्तर भएको देश बनाउन र २५ वर्षभित्र विश्वका विकसित मुलुकहरुको हाराहारीमा समतामूलक समृद्धि हासिल गर्न प्रतिबद्ध छौं ।

३ आदिवासी जनजाति, खस–आर्य र मधेसी, निसाद थारु, यी तीन जातीय क्लष्टर र महिला, दलित, मुस्लिम लगायत अन्य समुदायको समानुपातिक समावेशी सहभागिता, प्रतिनिधित्व, पहुँच र एकताबाट इन्द्रेणी राष्ट्रियताको प्रबर्धन गर्न एवम् पहिचान र अधिकारसहितको संघीय ढाँचामा राज्यको पुनसंरचना गर्न प्रतिबद्ध छौं ।

४ चौतर्फी भ्रष्ट्राचारको दलदलमा फसेको मुलुकमा सुशासन र सदाचार कायम गर्ने छौं । राजनीति र सरकारी सेवालाई भ्रष्टाचारको दलदलबाट निकालेर भ्रष्टाचारप्रति शून्य सहनशीलताका लागि संरचनागत पुर्संरचना सहितको सुशासन र सदाचार कायम गर्नु पार्टीको महत्वपूर्ण कार्यभारका रुपमा ग्रहण गर्ने संकल्प गर्दछौं ।

५ झण्डै डेढ अर्ब जनसंख्या भएका दुई विशाल देशहरुको वीचमा रहेको र भूमण्डलीकृत पुँजीवादी विश्वसँग अभिन्न ढंगले गाँसिएको नेपालको स्वाधिनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा निम्ति क्षेत्रीय र अन्तरर्राष्ट्रिय परिस्थितिको उचित मूल्यांकन गर्दै सुरक्षा नीति र संरचना विकास गरिने छ ।

६ आगामी दशकहरुमा विश्व तथा क्षेत्रीय शक्ति केन्द्रहरुको प्रभुत्वको निम्ति प्रमुख प्रतिस्पर्धाको थलो हिन्द–प्रशान्त क्षेत्र र हिमाली क्षेत्र हुनसक्ने भू–राजनीतिक प्रक्षेपणलाई ध्यान दिदै देशको अन्तर्राष्ट्रिय सम्वन्धलाई राष्ट्रिय हितमा समयानुकुल विकास र अध्यावधीक गरिनेछ । देशको परराष्ट्र नीतिको समयसापेक्षित

परिमार्जन र असमान सन्धीहरुको खारेजी र खुला सीमानाको व्यवस्थापन हाम्रो मुख्य प्राथमिकता हुनेछ । विद्यमान भू–राजनीति समेतलाई मध्यनजर गर्दै सबैसँग पञ्चशीलका सिद्धान्तका आधारमा संतुलित र असंलग्नताको नीति अवलम्बन गर्नेछौं । गौतम बुद्ध जन्मेको देश नेपाललाई विश्व शाान्तिको केन्द्रको रुपमा विकसित गर्ने गरी आवश्यक रणनीति अपनाउँनेछौं ।

७ पार्टीको मूल लक्ष्यका रुपमा लोकतान्त्रिक मूल्यमान्यतामा आधारित सामाजिक विशिष्टता सहितको 'नेपाली समाजवाद' को वैचारिक–राजनीतिक आलोकमा मुलुकलाई प्रगतिपथमा अगुवायी गर्नेछौं । 'मौलिक समाजवाद' आजसम्मका सबै पूर्ववर्ती समाजवादी विचारबाट शिक्षा लिएर अगाडि बढेको अहिलेसम्मकै नयाँ अग्रगामी समाजवादी चिन्तन हो । यसले गरीबी बाँडने होइन हरेक नागरिकलाई स्वतन्त्र, धनी, खुसी, सुखी र सम्पन्न बनाउने उद्देश्य राख्दछ । यो नयाँ र उन्नत मोडेलको समाजवादमा व्यक्ति र समुदाय, निजत्व र सामुहिकता, सार्वजनिक स्वामित्व र निजी स्वामित्व, राष्ट्रियकरण र निजीकरण, राज्ययन्त्र र वजारतन्त्र, सेवा र मुनाफा, श्रम र पुँजी यी सबै पक्ष वा प्रवर्गको सन्तुलित उपयोग र भूमिका हुनेछ ।

८ ऐतिहासिक जनआन्दोन, जनयुद्ध, मधेश जनबिद्रोह, थरुहट आन्दोलन आदिवासी जनजाति, खस, महिला, दलित शिल्पी, मुस्लिम, अल्पसंख्यक लगायतका उत्पीडित समुदायले चलाएको संघर्ष मूख्यत: जनयुद्धबाट प्राप्त उपलब्धि र पछिल्लो जेन-जी पुस्ताले विद्रोसम्मका त्याग, बलिदान र उत्सर्ग तथा आन्दोलनका क्रममा भएका सहिद, बेपत्ता, घाईते, अपाङ्गहरुको उच्च सम्मान र कदर, संघर्ष, बलिदान, त्यागबाट प्राप्त धर्मनिरपेक्षता, समानुपातिक समावेसी प्रतिनिधित्वसहितको संघीय लोकतान्त्रिक गणतन्त्र लगायतका उपलब्धीहरुको रक्षा वाँकि दायित्वको जिम्मा लिंदै उत्पीडित वर्ग र समुदायका बाँकी रहेका अधिकारहरुको प्राप्तिका लागि पार्टी निरन्तर संघर्षरत रहन प्रतिबद्ध छ ।

## ८. आव्हान

वर्तमान विषम राजनीतिक परिस्थितीमा बिभिन्न संर्घषबाट प्राप्त ऐतिहासिक उपलब्धिहरुलाई जोगाउदै समृद्ध नयाँ नेपाल निर्माण गर्न सम्पूर्ण प्रगतिशील, लोकतान्त्रिक एवम् अग्रगामी राजनीतिक शक्तिहरु रुपान्तरित र ध्रुविकृत हुन जरुरी छ । अहिलेको नयाँ पुस्ता राजनीतिबाट विरक्त भएर पलायन हुने, निष्कृय हुने वा पपुलिष्टहरुबाट भ्रमित हुने होइन युग सुहाउँदो अग्रगामी विचार र राजनीतिको पक्षमा उभिन र गोलबन्द हुन जरुरी छ । प्रगतिशील लोकतान्त्रिक पार्टी युगले सुम्पेको यस अभिभारा स्वीकार गर्दै नयाँ मौलिक समाजवादी विचार, आन्दोलन र नयाँ राजनीतिक शक्ति निमार्ण गर्न उच्च नैतिक वल द्दढ संकल्प र आत्मविश्वासका साथ अगाडि बढने छ गर्दछ । यस ऐतिहासिक कार्यमा आ–आफ्नो स्थानबाट सार्थक योगदान गर्न प्रगतिशील लोकतान्त्रिक पार्टी सबैमा हार्दिक आव्हान गर्दछ ।

**जानार्दन शर्मा "प्रभाकर"**

**मिति:२०८२/०८/०७**

**धन्यवाद !**